# मिति २०७७ साल पौष १७ गतेको लिखु गाउँपालिकाको बैठकको निर्णय

**प्रस्तावित विषयहरुः-**

१. समिक्षा सम्बन्धमा।
२. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को दफा १२ बमोजिमको अनुगमन समिति गठन सम्बन्धमा।
३. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को दफा १४ बमोजिमको प्राविधिक समिति गठन सम्बन्धमा।
४. विविध सम्बन्धमा।

**निर्णयहरुः-**

**१. निर्णय नं. १,** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भएको अवश्थामा अझ यसलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्न सरोकारवाला पक्षहरु बीचमा समन्वय गरी अगाडि बढ्ने सर्वसम्मतबाट निर्णय गरियो।

**२. निर्णय नं. २,** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को दफा १२ बमोजिमको अनुगमन समिति देहाय बमोजिम गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

क) श्री शान्ता ढुङ्गेल (उपाध्यक्ष) – संयोजक
ख) श्री टिकाराम क्यापछाकी मगर (वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक)– सदस्य
ग) श्री अभय कुमार गुप्ता (प्रमुख प्रशासकीय अधिकृत) – सदस्य
घ) श्री विपना श्रेष्ठ (योजना विषय हेर्ने महाशाखा/शाखा वा एकाई प्रमुख) – सदस्य
ङ) श्री ...................(वातावरण निरीक्षक) – सदस्य
च) श्री रविशंकर कुमार दास (वातावरण व्यवस्थापन विषय हेर्ने महाशाखा/शाखा/एकाई प्रमुख) – सदस्य सचिव

**३. निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को दफा १४ बमोजिमको प्राविधिक समिति देहाय बमोजिम गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

क) श्री विपना श्रेष्ठ (योजना विषय हेर्ने महाशाखा/शाखा वा एकाई प्रमुख) – संयोजक
ख) श्री ....................(आयोजना तथा कार्यक्रमसँग सम्बन्धित क्षेत्रको विषयको विज्ञ) – सदस्य
ग) श्री रविशंकर कुमार दास (वातावरण व्यवस्थापन विषय हेर्ने महाशाखा/शाखा/एकाई प्रमुख) – सदस्य सचिव

४. **निर्णय नं. ४**, प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा आवश्यकता अनुसार कार्यपालिकाको बैठक बस्ने सर्वसम्मतबाट निर्णय गरियो।